निर्णय -१

जिल्ला समन्वय समितिको कार्यालय, झापाको च.नं. १०८६ मिति २०७५/१२/०१ को पत्रबाट जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय झापालाई प्राप्त पत्रबाट नदी पुल उत्तर तिरको ढुंगा गिट्टी र बालुवा उत्खनन र व्यवस्थापनका लागि प्राविधिक प्रतिवेदन सहित अनुरोध भई आएको छ ।

उक्त सन्दर्भमा कन्काई नदीको उत्तरी पहाडी भिरालो भागबाट बर्षादको समयमा बगाएर ल्याउने नदिजन्य पदार्थहरु समथर भू-भागमा आइपुग्दा नदिको वेग घटि ढुंगा, गिट्टी र बालुवा थुप्रिन गई नदीको प्राकृतिक वहान पश्चिम तर्फ बढेर गएको र उक्त वहावको कारण ऐतिहासिक कनकाई नदीको पुलको पश्चिम **Pillar** मा गंभीर क्षति पुग्न सक्ने देखिएकोले नदीजन्य पदार्थ थुप्री बनेको ढिस्को (Cover Deposit) हटाउने र नदीको मध्यम भागबाट नदीको वहावलाई नियमित गराउन र संभावित विपदजन्य जोखिम कम गर्न नदी **Channelize** गर्ने कटान प्रभावित क्षेत्रमा बाँध निर्माण गर्ने लगायतका काम गर्न वातावरण लाई नकारत्मक प्रभाव नपर्ने गरी प्राविधिकको निगरानी र रेखदेखमा उक्त क्षेत्रमा प्राविधिक प्रतिवेदन वमोजिम नदीजन्य पदार्थ उत्खनन र व्यवस्थापन गर्न शिवसताक्षी नगरपालिकालाई अनुमति प्रदान गर्ने । सो को अनुगमन नदिजन्य पदार्थ उत्खनन सम्बन्धी जिल्ला अनुगमन समितिबाट गर्ने ।

निर्णय नं. -२

मिति २०७५/१२/१७ गते आइतबार साँझ बारा र पर्सा जिल्लामा १९.४५ देखि २०.१५ को समयमा आएको हावाहुरी तथा असिनापानीबाट ति जिल्लाहरुका विभिन्न स्थानहरुमा जनधनको ठुलो क्षति भएको छ । उक्त घटनाबाट पिडित हरुलाई सहयोग गर्न ईच्छुक झापा जिल्लास्थित उद्योग वाणिज्य संघ, होटल व्यवसायी, स्थानीय प्रतिष्ठान, संघ संस्था, युवा क्लब, रेडक्रस सोसाइटी एवं मानवीय सेवा, राहत, उद्धारमा खटिनुहुने समाजसेवी महानुभावहरुले राहत संकलन र परिचालनको कार्यलाई एकद्वार प्रणालिबाट संचालन गर्ने राज्यको निती अनुरुप प्रधानमन्त्री केन्द्रिय विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्न सकिने भएकोले उक्त कोषमा आवश्यक रकम जम्मा गर्न जिल्ला विपद व्येवस्थापन समिति झापाबाट जिल्लावासी सबैमा अह्वान गर्ने । साथै झापा जिल्लाका सबै स्थानीय तहहरुले (नगरपालिकाको हकमा न्यूनतम रु.२,००,०००। (दुई लाख) र गाँउपालिकाको हकमा न्यूनतम रु.१,००,०००। (एक लाख) बारा जिल्ला स्थित रा.बा.बैंकमा विपद व्यवस्थापन सहायता कोषको नाममा रहेको १२६००१३०१३०१ खाता नं. मा रकम जम्मा गरि भौचरको फोटोकपि सहित सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समिति झापामा गराउने ।

निर्णय नं. -३

बारा जिल्लामा मिति २०७५/१२/१७ गतेको हावाहुरीको कारणबाट भएको जनधनको क्षति र त्यसबाट प्रभावित व्यक्तिहरुलाई राहत स्वरुप विभिन्न संस्थाहरुबाट सहयोग सम्बन्धी जानकारी जिल्ला विपद व्यवस्थापन समितिमा प्राप्त भएको छ ।

१. अखिल कान्तिकारी जिल्ला शाखाको तर्फबाट १००० (एक हजार) थान झुल उपलब्ध गराइएको ।
२. जिल्ला रेडक्रस सोसाइटी झापाबाट जम्मा रकम रु.१,२७,२१०।- बारा जिल्ला स्थित जिल्ला विपद् व्यवस्थापन समितिको खातामा पुग्ने गरी उपलब्ध भएको ।

प्रमुख जिल्ला अधिकारी

३. पूर्व प्रहरी कर्मचारी संगठनको तर्फबाट रु.३०,०००(तीस हजार) रकम उपलब्ध गराउने प्रतिवद्धता भएको ।

४. विर्तामोड नगरपालिकाको तर्फबाट जम्मा १२० थान झुल उपलब्ध गराइएको ।

निर्णय नं. -४

जिल्ला रेडक्रस सोसाइटी झापामा विभिन्न सामुदायिक वन समितिहरु बाट ९० (नब्बे)थान काठका खाटहरु विपद् सम्बन्धी कार्यमा प्रयोग गर्ने प्रयोजनका लागी उपलब्ध भएकोमा गत बर्ष बाढी लगायतका प्रकोपको अवस्था नभएकोले खाट प्रयोगमा नआई रेडक्रसका ७ वटा कोठा प्रयोग विहिन अवस्थामा रहेकाले ति खाटहरु नियमानुसार आवश्यक व्यवस्थापन गरी प्राप्त रकम विपद् कार्य मै खर्च हुने गरि रेडक्रस सोसाइटी शाखा कार्यालय झापाले आवश्यक व्यवस्था मिलाउने ।

निर्णय नं.- ५

स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम विपद् सम्बन्धी कार्ययोजना एवं विपद् सम्बन्धी अन्य कार्य गर्ने अधिकार भएको र सो बमोजिम आवश्यक नीति नियम निर्माण गर्ने, राहत रकम वितरणको लागि मापदण्ड तयार गर्ने, विपद् कोष व्यवस्थापनको लागि कार्यविधि तयार गर्ने, विपद् पूर्व तयारी र प्रतिकार्य योजना बनाउने योजनावद्ध कार्य तयारी गर्ने समेत कार्यहरुको लागि सहयोग एवं सहजीकरण गर्ने समेत प्रयोजनको लागि रेडक्रसको आवश्यक समन्वय र सहकार्यमा **Practical Action** ले सबै स्थानीय तहका प्रमुख तथा अध्यक्षज्यूहरु सहित सहभागी हुने गरी **Orientation** कार्यक्रम संचालन गर्ने । साथै **WFP** बाट मौसममा आधारित बाढी पूर्व तयारी कार्यक्रम अन्तर्गत समबन्धित स्थानीय तहको समन्वयमा तत्कालका लागि २ वटा आपतकालीन आश्रय स्थल निर्माण सम्बन्धी कार्यक्रम अगाडी बढाउने भन्ने जानकारी प्राप्त भयो ।

निर्णय नं. -६

नेपाली सेनाको तर्फबाट २०७६ बैसाख ६ गते विपत संग सम्बन्धी गतिविधिको नमूना उद्धार कार्य **Simulation** गर्ने । र सो कार्यमा स्थानीय तहहरुबाट आवश्यक सहयोग र समन्वय गर्ने ।

प्रमुख जिल्ला अधिकारी